आज मिति २०७४ आश्विन ८ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - बरिष्ठ अधिकृत | श्री कुमार कंचन जि.सी. | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - इन्जिनियर | श्री रबिन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अप्रेटर | श्री गोकर्णराज वाग्ले | ,, |

**<u>निर्णय नं.१</u>:** अल्पसंख्य तथा लोपोन्मुख जाती मध्ये राजामामा कुसुन्डा व्यास १० को आर्थिक सहायता पाउँ भनी निवेदन पेश हुन आएकोमा छलफल गर्दा रु.५०००। (पाँच हजार) आर्थिक सहायता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२</u>:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट तनहुँ कालिका शहिद पार्कको उजुरी सम्बन्धमा छानबिन गरी राय सहितको प्रतिवेदन पठाउनुपर्ने भएकाले मिति २०७४।६।२० सम्म न्यायिक समितिद्वारा छानविन गरी प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>:** नेपाल आदीवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद तनहुँले मिति २०७४।७।८ गतेदेखि १९ गतेसम्म सांस्कृतिक महोत्सव गर्नका लागि स्थान उपलब्ध गराई पाउँ भनी निवेदन प्राप्त हुन आएकोमा महोत्सव तथा सांस्कृतिक कार्यकमले वातावरणमा प्रदुषित गर्ने हुँदा वि.पि. वनबाटिकामा यस्ता कार्यकमहरुलाई अन्तिम पटक संचालन गर्न जिल्ला समन्वय समितिलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>:** केन्द्रिय आयोजना कार्यान्वयन इकाई अन्तर्गत राष्ट्रिय पून:निर्माण कोषबाट यस न.पा.मा संचालन हुन गइरहेको भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी डकर्मीहरुका लागी सात दिवसीय सीप अभिवृद्धि तालिम कार्यकम श्री र्वल्ड वाइड टेक्निकल प्रा.लि.द्वारा संचालन हुने व्यहोरा बैठकमा जानकारी गराइयो ।

**निर्णय नं.५**: यस व्यास न.पा.का उपप्रमुखको आवास प्रयोजनका लागि व्यास २ निवासी इन्द्रकला सुवेदीको २ कोठा भवन विजुली, पानी र कर समेत घरधनीले बुझाउने गरी मासिक रु.११,०००। एघार हजारमा मिति २०७४।४।१ देखि नै लागु हुने गरी भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं.६:** लोडर अप्रेटर चन्द्रबहादुर श्रेष्ठको भत्ता रकम भुक्तानी पाउँ भन्ने निवेदन उपर छलफल हुँदा वारुणयन्त्र संचालनका लागि २४ सै घण्टा ड्युटी गर्नुपर्ने भएकाले मासिक रु.५०००। पाँच हजार भत्ता दिने र सार्वजनिक बिदाका दिन काम गरेवापत प्रतिदिन अतिरिक्त भत्ता रु.५००। (पाँच सय) दिने । साथै निजको माग अनुसार सहायकस्तर पाचौं तहबाट सवारी चालक श्रेणी विहिन (पाँचौं स्तर) कायम गरिएकोमा निजले पाँचौं तहमा रहदा ग्रेड खाइसकेकोमा श्रेणीविहिनमा अधिकतम ४ ग्रेड हुने हुँदा सो ग्रेड मिलान गरी श्रेणीविहिन (पाँचौं स्तर) को २ ग्रेड थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास न.पा. ९ को कालिकाडाँडा तिवारी खोल्सी खानेपानी योजना सम्पन्न गर्न नपुग हुन जाने रकम रु.५०,०००। (पाचस हजार) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८: कुशल पौडेलले व्यास १० निर्वुको ७ रोपनी १३ आना ३ पैसाको जग्गामा गर्न लागेको प्लटिङ्गका सम्बन्धमा छलफल हुँदा जग्गाधनी बमबहादुर दरै, प्रेमबहादुर दरै र चामबहादुर दरैका नाउँमा पूर्जा भएकाले पूर्जा भएका व्यक्तिहरु कै नाउँमा प्लटिङ्ग गर्न इजाजत दिने निर्णय गरियो ।

**निर्णय नं ९:** व्यास न.पा. ११ मा भैरव पन्थले आफ्नो साविक फराकचौर ९/क को कि.नं ३४ लाई खण्डीकरण गरी घडेरीहरु कित्ताकाट गरी बिक्री वितरण गरिसकेको केही घडेरीका टुक्राहरु मात्र बेचबिखन गर्न बाँकी रहेकोमा निजलाई पुरै जग्गाको राजश्व तिर्न लगाई प्लटिङ्गको इजाजत दिने निर्णय गरियो ।